मेरो साप्ताहिक

मचा साप्ताहिक Mero Saptahik

वर्ष : ५ • अंक : ७ • पूर्णांक : २०६ • वि.सं. २०८० पुस १७ मंगलवार • ने.सं. ११४४ थिंलागाः षष्ठी • 2024 January 2 • पृष्ठ ८ • मूल्य रू. १०।-

सत्यनारायणबहादुर श्रेष्ठ प्रेस स्वतन्त्रता सेनानी पुरस्कार चौधरीलाई
नेपाली पत्रकारिताको इतिहास पुनर्लेखन गर्न माग

• **मेरो संवाददाता**

ललितपुर/नेवाः पत्रकार राष्ट्रिय दबूको आयोजनामा यही पुस १३ गते शुक्रबार सत्यनारायणबहादुर श्रेष्ठ प्रेस स्वतन्त्रता सेनानी पुरस्कार लोक बहादुर चौधरीलाई प्रदान गरेको छ। प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले स्वर्गीय श्रेष्ठको १०८ औं जन्मजयन्तीको अवसरमा आयोजित समारोहमा चौधरीलाई २५ हजार नगदसहित ताम्रपत्र प्रदान गर्नुभयो।

पत्रकार चौधरीले २०७२ सालदेखि स्वर्गीय श्रेष्ठका बारेमा खोज गरी निरन्तर लेख, रचना लेख्ने र नेपाल पत्रकार महासंघको इतिहासलाई पुनःलेखनको बारे सार्वजनिक बहस र विमर्शको विषय बनाउन पुऱ्याउनुभएको योगदानको कदर गर्दै सो पुरस्कार प्रदान गर्ने निर्णय गरिएको दबूले जनाएको छ।

सत्यनारायण बहादुर श्रेष्ठ प्रेस स्वतन्त्रता सेनानी पुरस्कार ग्रहण गर्नुहुँदै लोक बहादुर (लक्की) चौधरी।

प्रेस काउन्सिल नेपालले २०७२ पुसमा प्रकापिुशत संहितामा 'इतिहास बांगिएको दुःखेसो', प्रेस चौतारी नेपालले २०७३ सालमा प्रकाशित पत्रिकामा 'नेपाली पत्रकारिताको बहस र यथार्थ', नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) बाट वि.सं. २०८० भदौमा प्रकाशित फोनिजमा 'महासंघको संस्थापक सत्यनारायणबहादुर श्रेष्ठ' लगायत चौधरीका लेख प्रकाशित छन्। चौधरीले विभिन्न सार्वजनिक बहसमा सो सम्बन्धी अनुसन्धात्मक कार्यपत्र प्रस्तुत गर्दै आउनुभएको छ।

नेवाः पत्रकार राष्ट्रिय दबूले स्वर्गीय श्रेष्ठलाई नेपाल पत्रकार महासंघको संस्थापक अध्यक्षको पहिचान दिलाउने अभियान चलाउँदै आएको छ। सोही अभियानअन्तर्गत सत्यनारायणबहादुर श्रेष्ठ प्रेस स्वतन्त्रता सेनानी पुरस्कार यस वर्षदेखि थालनी गरिएको हो।

नेपाल पत्रकार महासंघको संस्थापक अध्यक्षका रुपमा पत्रकार संगठित गर्ने अभियानको सुरुवात २००८ सालमा नेपाल टुडेको सम्पादक श्रेष्ठले आफ्नो अध्यक्षतामा पहिलो पटक नेपाल पत्रकार संघको गठन गर्नुभएको हो। २००९ सालमा संघको दोस्रो सभाबाट पुनः श्रेष्ठलाई अध्यक्षमा चयन गरिएको थियो। २०१२ सालमा पत्रकार हरुको अर्को बैठकबाट पूर्व प्रधानमन्त्री तथा नेपाली कांग्रेसका पूर्व सभापति कृष्णप्रसाद भट्टराईको सभापतित्वमा नेपाल पत्रकार संघको पुनर्गठन गरिएको थियो। त्यसपछि यही तथ्यलाई पहिलो घटनाको रुपमा व्याख्या गरी भट्टराईलाई नेपाल पत्रकार महासंघको संस्थापक मानिँदै आएको छ।

प्रेस काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले नेपालीहरु आफ्नै पहिचान मेटाइरहेकोले नेपाल उँभो लाग्न नसकेको बताउनु भयो। सत्यनारायण बहादुर श्रेष्ठ नेपाल पत्रकार महासंघको संस्थापक अध्यक्ष हो, भन्ने विषय घाम जस्तै छर्लङ्ग रहेको तर आफ्नै क्षेत्रको बारेमा तथ्य बङ्ग्याइरहेको उहाँको भनाई थियो।

उहाँले भन्नुभयो, 'आफ्नै (संस्थापकको) छिनोफानो गर्न नसक्दा नेपाली पत्रकारितालाई कसरी विश्वास गर्छ भन्ने पनि प्रश्न हुनसक्छ ?'

उहाँले श्रेष्ठलाई पत्रकार महासंघको संस्थापक अध्यक्षमा स्थापित गर्न अझै अध्ययन, अनुसन्धानको आवश्यकता भएमा प्रेस काउन्सिलको सहयोग रहने जानकारी पनि दिनुभयो।

नेवाः पत्रकार राष्ट्रिय दबूका अध्यक्ष नृपेन्द्रलाल श्रेष्ठले दबूले विगत चार वर्षदेखि श्रेष्ठलाई संस्थापक अध्यक्षको पहिचान दिलाउनका लागि अभियान चलाएको र यसपटक उहाँको १०८ औं जन्मजयन्तीको अवसरमा सत्यनारायणबहादुर श्रेष्ठ स्मृति मिडियाकप फुटसल र पत्रकारिता पुरस्कारको स्थापना गरेर यो अभियानलाई अझ बृहत् दिने कोशिस गरेको बताउनु भयो।

यसैगरी, श्रेष्ठकी छोरी तथा आदर्श विद्या मन्दिरकी प्रिन्सिपल सुजिता मानन्धरले सत्यनारायण बहादुर श्रेष्ठ कर्म गर्ने तर फलको आशा नगर्ने व्यक्तित्व भएको बताउनु हुँदै पत्रकारिता गर्ने क्रममा राजनीतिक वितृष्णाले उहाँ शिक्षा क्षेत्रमा होमिनुभएको र त्यसपछि शिक्षामै बढी फोकस हुनुभएको बताउनु भयो। उहाँले तुलनात्मक रुपमा हेर्ने हो भने सत्यनारायणबहादुर श्रेष्ठले पत्रकारितामा भन्दा शिक्षा क्षेत्रमा धेरै योगदान गरेको छ, तर यसो भन्दैमा उहाँले पत्रकारिता क्षेत्रमा पुऱ्याउनु भएको योगदानलाई कम भन्न नमिल्ने बताउनु भयो। उहाँले स्व. श्रेष्ठको योगदानका बारेमा अझ विस्तृत रुपमा बताउन सक्ने व्यक्तित्व आवश्यक भए हालसम्म जीवित रहनु भएका आफूले चिन्ने व्यक्तित्वहरुको नाम उपलब्ध गराउन सक्ने बताउनु भयो।

सो अवसरमा पत्रकारिता पुरस्कारबाट सम्मानित हुने चौधरीले यस सम्मानपछि सत्यनारायण बहादुर श्रेष्ठलाई संस्थापक अध्यक्षको पहिचान दिलाउने अभियानमा अझ बढी शोध गर्न आफूलाई घच्चचाएको र त्यसलाई सफल बनाइछाड्ने अठोट व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो- सत्यनारायणबहादुर श्रेष्ठले पत्रकार महासंघको संस्थापक अध्यक्षको मान्यता पाएपछि मात्र उहाँप्रति सच्चा श्रद्धाञ्जली हुनेछ, न्याय हुनेछ।

नेवाः पत्रकार राष्ट्रिय दबूका उपाध्यक्ष सुनिल महर्जन, महासचिव केके मानन्धर र सचिव तथा कार्यक्रम संयोजक राजु नापितले पनि श्रेष्ठबारे आआफ्नो धारणा प्रस्तुत गर्नुभएको थियो।

सोही कार्यक्रममा नेवाः पत्रकार राष्ट्रिय दबूको मुखपत्र आज्जुको विमोचन पनि गरिनुका साथै सत्यनारायण बहादुर श्रेष्ठ स्मृति मिडिया कप फुटसल प्रतियोगिता-११४४ को विजेता नेवाः पत्रकार राष्ट्रिय दबु, चितवन, उपविजेता नेवाः पत्रकार राष्ट्रिय दबु काठमाडौं र तेस्रो स्थान हासिल गर्ने नेवाः कलाकारको टिमलाई ट्रफी, पदक तथा प्रमाण पत्र प्रदान गरिएको थियो।

यसैगरी सत्यनारायण बहादुर श्रेष्ठ स्मृति मिडिया कपका संयोजक प्रजित शाक्य, नेवाः पत्रकार राष्ट्रि दबुद्वारा प्रकासित बुलेटिन आज्जुका प्रधान सम्पादक सुरजवीर वज्राचार्य, भिडियो/फोटो संयोजन गर्ने अनुप प्रधान र सत्यनारायण बहादुर श्रेष्ठ जन्मजयन्ती कार्यक्रमका संयोजक राजु नापितलाई पनि सम्मान पत्र प्रदान गरिएको थियो।

सत्यनारायण बहादुर श्रेष्ठ स्मृति मिडिया कप फुटसल-११४४ का विजेता नेवाः पत्रकार राष्ट्रिय दबू चितवनका अध्यक्ष अनुज जोशी ट्रफी ग्रहण गर्नुहुँदै।

सत्यनारायण बहादुर श्रेष्ठ स्मृति मिडिया कप फुटसल-११४४ का उपविजेता नेवाः पत्रकार राष्ट्रिय दबू काठमाडौंका खेलाडीहरु ट्रफी ग्रहण गर्नुहुँदै।

राष्ट्रियताको लागि समर्पित
मेरो साप्ताहिक
मचा साप्ताहिक Mero Saptahik

प्रकाशक तथा सम्पादक : रत्न काजी महर्जन
सह-सम्पादक : विजय कुमार सिंह
फोटो सम्पादक : प्रबिन महर्जन
व्यवस्थापन : नहकुल महर्जन
प्रेस व्यवस्थापन : नविन सिंह
लेआउट : सुनिता महर्जन
सुर संसार ग्राफिक्स कर्नर
कार्यालय : किलागल, काठमाडौं-२४
सम्पर्क : ५८४१२१५२५०, ०१५५०५२५०
meroweekly@gmail.com
मुद्रण : प्रिन्ट स्काई, काठमाडौं ।

सम्पादकीय ✍

इतिहास सच्याउन किन ढिलाइ

इतिहास हिजोको घटनाबाट आजको मार्ग पहिल्याउने साधन हो। इतिहासको लेखन समयले गर्ने गर्दछ। तर इतिहास लेखनमा राजनीतिक तथा शक्तिको प्रभावले धेरै तथ्यहरु बङ्ग्याइएको पाइन्छ। अझ कतिपय अवस्थामा त मिथकलाई नै इतिहास भनिन्छ, बनाइन्छ। इतिहास भनेको विगतका घटनालाई बुझ्ने र त्यसबाट शिक्षा ग्रहण गरी भविष्यको लागि मार्ग निर्धारण गर्नका लागि आवश्यक साधन हो। यसले कुनै पनि व्यक्ति,समाज व संस्थाको विगतको घटना, वर्तमानको परिस्थिति र भविष्यको बाटो बनाउन सहयोग पुऱ्याउँछ। तर जब यसलाई शक्ति र पहुँचको आधारमा बङ्ग्याउने कार्य हुन्छ त्यसले दिने परिणाम कस्तो हुन्छ ? विद्वत्जनले विचार गर्नु आवश्यक छ।

नेपालको बुद्धिजीवीहरुको एक प्रतिष्ठित संस्था हो नेपाल पत्रकार महासंघ। सत्य तथ्यलाई उजागर गर्नु र लुकेर रहेका तथ्यलाई प्रकाशमा ल्याई समाजलाई सही मार्ग दर्शन दिनु पत्रकारको कर्तव्य र जिम्मेदारी हो। सरकार र समाजलाई सत्यसँग अवगत गराउनका लागि जो सदैव अग्रसर रहन्छ ऊ नै पत्रकार हो। आफ्नो क्षमता र बुद्धिको बलमा समाजलाई अग्रसर बनाउने पत्रकारहरुको साझा संस्थाको इतिहासमा रहेको त्रुटीलाई सच्याउन सत्य तथ्यको जानकारी हुँदाहुँदै पनि पत्रकार महासंघ नेतृत्वमा रहेका व्यक्तिहरुको सीमित सत्ता स्वार्थका कारण त्यसलाई सच्याउन तत्पर छैन।

प्रसंग नेपाल पत्रकार महासंघको संस्थापक अध्यक्षको हो। नेपालमा पत्रकारहरुलाई पहिलो पटक संगठित बनाउनुका साथै उनीहरुको हक अधिकारको रक्षाका लागि आवाज उठाउने र सरकारसम्म पुगेर पत्रकारहरुको अधिकारका लागि आवाज उठाउने नेपाल पत्रकार संघको स्थापना २००८ सालमा भएको र सो समयमा नेपाल टुडेका सम्पादक सत्यनारायण बहादुर श्रेष्ठलाई सर्वसम्मतबाट सभापति चुनिएको जगजाहेर छ। महासंघले नेपाल पत्रकार संघकै निरन्तरताको रुपमा आफूलाई अगाडि सारेको छ। तर संस्थापक अध्यक्ष भने २०१२ सालमा तेश्रो सम्मेलनबाट चुनिनु भएका नेपाल पुकारका सम्पादक कृष्णप्रसाद भट्टराईलाई मानि राख्नु भएको छ। यसले महासंघको इतिहास नै अपुरो बनेको छ। जसलाई सच्याउन महासंघ तत्पर हुनु आवश्यक छ। सत्य थाहा भएर पनि इतिहास सच्याउनका लागि नेपाल पत्रकार महासंघलाई केले छेकेको छ ? यसमा किन ढिलाइ भएको हो ?

मौनताको शक्ति र यसको प्रयोग

✍ कृष्णहरि देवकोटा

हामी भित्रको म भन्ने शक्ति आत्मा हो। जुन सामान्य रुपले हेर्दा देखिँदैन। यो बाहिरी देखिने शरीर म होइन। आत्मा, शरीर भित्र रहने शक्ति हो। शरीरलाई आत्माले खोलको रुपमा भनौं वा रथको रुपमा भनौं उपयोग गरेको हुन्छ। यसको माध्यमबाट कर्म गर्दछ। यो शरीरका हरेक इन्द्रियहरुलाई काम गर्न निर्देशन दिने शक्ति पुञ्ज नै आत्मा हो। हरेक आत्माको चाहना शान्ति, सुख र आनन्द हो। आत्माको स्वधर्म नै शान्ति हो। मौनता तथा शान्ति शक्ति नै आत्माको लागि पोषण पनि हो। शान्ति स्वरुपमा रहेर नै आत्माले महान कार्यहरु सम्पन्न गर्दछ र महात्मा र पुण्यात्मा बन्दछ। शान्तिको शक्ति मौन रुपमा अथवा साइलेन्समा रहेर मात्र प्राप्त हुन्छ। कुनै पनि साधनको सहयोगले यो प्राप्त गर्न सकिन्न। विज्ञानले बाहिरी दुनियालाई यतिखेर रमझमयुक्त बनाएको छ। यसैले गर्दा मानिसहरु विज्ञान र प्रविधिले दिएको यो चमत्कारमा अल्मलिएको छ। विज्ञान पनि एउटा प्रवल शक्ति हो। विज्ञानले साधन दिन सक्दछ र त्यसले बाहिरी सुख दिन सक्छ। तर पूर्ण आत्मिक शान्ति भने दिन सक्दैन। शान्ति त मौनतामा रहेर अन्तरमुखी रहेमा मात्र प्राप्त हुन्छ।

विज्ञानको शक्ति भै मौन तथा शान्ति (साइलेन्स) को शक्ति पनि अत्यन्त प्रबल हुन्छ। विज्ञानले नसकेको काम साइलेन्सको शक्तिबाट हुन्छ। साइन्स र साइलेन्सलाई दाँजेर हेर्ने हो भने साइन्स भन्दा कयौं गुना साइलेन्सको शक्ति बढि शक्तिशाली हुन्छ। हुनत साइन्स (विज्ञान) शक्ति र साइलेन्स (मौन) शक्ति दुबैको स्रोत लाइट (प्रकाश) हो। साइन्स (विज्ञान) ले साधन दिन्छ त्यसको माध्यमबाट शरीरको सुख दिन्छ तर शान्ति दिन सक्दैन। साइलेन्सबाट शान्ति र मानसिक समस्याको समाधान प्राप्त हुन्छ। अनेक खालका विघ्नहरुको समाप्ती हुन्छ।

हाम्रो स्वधर्म पनि शान्ति हो र लक्ष्य पनि शान्ति प्राप्त गर्ने नै राख्नु पर्दछ। जव हाम्रो लक्ष नै शान्तिको शक्ति जम्मा गर्ने हो भने अथवा शान्ति धाम र सुखधाम जाने हो भने हाम्रो लक्षण पनि त्यस्तै देखिनु पर्दछ। हाम्रो सोच, बोली, कार्यमा पनि त्यो झल्कनु पर्दछ। हामीले शान्तिको शक्तिलाई जम्मा गर्ने र जीवनमा यसको प्रयोग गर्ने गर्नु पर्दछ। त्यसको लागि पहिले आफूमा शान्ति इमर्ज गर्नु र यो शान्तिलाई सबैमा बाढेर संसारमा जागृति ल्याउनु पर्दछ। यस्ता कर्मले नै हामीलाई सुखधाम तर्फ उन्मुख गराउँछ।

अब हामी शान्तिको शक्ति प्राप्त गर्न के गर्ने भन्ने तर्फ लागौं। शान्ति प्राप्त गर्ने एक मन्त्र छ त्यो हो मनमना भवको मन्त्र। यो भनेको मनमा एक सृष्टिकर्ता भगवानको मात्र याद आओस्। ऊ नै हाम्रो माता, पिता, साथी, बन्धु आदि हो र शान्ति, शक्ति र ज्ञानको सागर पनि हो भन्ने कुरामा पूर्ण निश्चय होस्।

शान्ति शक्ति प्राप्त गर्ने यन्त्र हो शुद्ध संकल्प, दिब्य बुद्धि र आत्मिक दृष्टि। शुद्ध संकल्प (विचार) ले मात्र शान्तिको अनुभुती गर्न सहयोग गर्दछ। अशुद्ध र ब्यर्थ संकल्पले हाम्रो मनमा अशान्ति पैदा गर्दछ। संकल्पमा जति सकारात्मकता, शुद्धता र स्वच्छता हुन्छ त्यति नै हामीमा शान्तिको शक्ति जम्मा हुन्छ। संकल्पको शुद्धताको साथै धैर्यताको पनि आवश्यकता हुन्छ। संकल्प जति ढिलो र कम चल्दछ त्यति नै शान्ति शक्ति जम्मा हुँदै जान्छ। तीव्र गतिको संकल्पले शान्तिको शक्ति खेर (वेष्ट) जान्छ। अन्तरमुखताले र समर्थ (शक्तिशाली) संकल्पले हामीमा शान्तिको शक्ति जम्मा हुँदै जान्छ तर वैरमुखताले यसलाई घटाउँछ।

अन्तरमुखता भनेको आफ्नो इन्द्रियहरुको नियन्त्रण गरेर आफ्नो समर्थ शक्तिको पहिचान गर्नु हो। दुनियाको कुरा कम गर्नु तथा कसैको कुरा नकाट्नु पनि अन्तरमुखता हो। वैरमुखता भनेको अरुको कुरा र बाहिरी दुनिया र सम्बन्धको आकर्षणमा रहेर विचार चलाउनु हो। अरुको कुरा धेरै गर्नु पनि वैरमुखता हो। वैरमुखताले रुहानी (आत्मा) शक्ति र भाग्य शक्ति दुवैलाई घटाई दिन्छ। रुहानी शक्ति भनेको आत्मा पहिचान र परमात्मा पहिचानको शक्ति हो। यसलाई वैर मुखताले कम गरिदिन्छ। देही अभिमान (आत्माभिमान) को सट्टा देह अभिमानमा पुऱ्याई दिन्छ र शान्तिको शक्ति कम गरिदिन्छ।

वैरमुखी जहिले पनि अशान्त र दुःखी रहन्छ। त्यसैले एउटा भनाई पनि छ। 'अन्तरमुखी सदा सुखी वैरमुखी सदा दुःखी'। अन्तरमुखी सारमा केन्द्रित हुन्छ। वैरमुखी विस्तारमा जान्छ। मन धेरै तिर छरिन्छ। त्यसैले ऊ साइलेन्समा रहन सक्दैन। साइलेन्सको शक्तिले सिद्धिस्वरुपमा पुऱ्याई दिन्छ। सिद्धिस्वरुपको अवस्था भनेको जे चाह्यो त्यो पूरा हुने अवस्था हो। साइलेन्सको शक्तिको अर्को महत्व छ। यसको काम अन्तमा धेरै आउने छ। जतिबेला विघ्न आउँछ त्यतिबेला त्यसलाई भष्म गरिदिन्छ। थोरै संकल्प गर्ने र साइलेन्समा रहन सक्ने अभ्यासले कर्मबन्धनलाई समाप्त पार्न र रोगबाट बच्न सकिन्छ।

शान्ति शक्ति प्राप्त गर्ने यन्त्र हो शुद्ध संकल्प, दिब्य बुद्धि र आत्मिक दृष्टि। शुद्ध संकल्प (विचार) ले मात्र शान्तिको अनुभुती गर्न सहयोग गर्दछ। अशुद्ध र ब्यर्थ संकल्पले हाम्रो मनमा अशान्ति पैदा गर्दछ। संकल्पमा जति सकारात्मकता, शुद्धता र स्वच्छता हुन्छ त्यति नै हामीमा शान्तिको शक्ति जम्मा हुन्छ।

वैरमुखी बनेर धेरै संकल्प गर्नेहरु अन्तमा बेचैन रहने, पीडा बोध गर्ने अन्तमा डिप्रेसनमा जाने र आनन्दले सुत्न नसक्ने हुन्छन्। जो अन्तरमुखी भई साइलेन्समा रहने र आफूभित्र साइलेन्सको शक्ति संचित गर्न सक्दछन् उनीहरुले डिप्रेसनमा गएकाहरुको टाउकोमा हातमात्र राखिदिए भने पनि शान्तिको अनुभव गर्नेछन्। जो अन्तर मुखी रहन सक्छ उसले समस्याका तुफानलाई पनि तोहफा (प्राप्ति) सम्झन्छ। कुनै विघ्नबाधा आए पनि यो मलाई के दिन आयो भनेर खुशी नै रहन्छ। यसले मलाई के शिक्षा दिन्छ वा के सिकाएर र अनुभव दिएर जान्छ भनेर धैर्यताका साथ रहन्छ। जे घटना घटे पनि आत्तिदैन। गीतामा भने जस्तै जे भयो ठीकै भयो, जे हुन्छ राम्रै हुन्छ ...भनेर धैर्यवान भएर रहन सक्दछ। त्यसैले शान्तिको शक्ति संचय गर्न कोशिश गर्न र यसको प्रयोग गर्न सबैले सिकेमा सबको कल्याण हुनेछ। यसको प्रयोग मानिसमा मात्र नभै प्रकृतिका हरेक तत्वमा गर्न सकिन्छ। साइलेन्सको शक्ति संचित गर्न एकान्तमा रहेर एकाग्रतामा बस्नु पर्दछ। मनलाई धेरै कुरामा केन्द्रित गरेमा शक्ति जतातै बाडिन्छ। यसले गर्दा साइलेन्सको पावर संचित हुन सक्दैन। साइलेन्सको पावर जम्मा गर्नको लागि विचारमा सुद्धता, बुद्धिमा दिब्यता र दृष्टिमा आत्मिकता आवश्यक पर्दछ।

नविन महर्जनको दुई गीत सार्वजनिक

• **मेरो संवाददाता**

काठमाडौं/हाल अमेरिकामा बस्दै आउनु भएका संगीतकार नबीन महर्जन नेवाः मचाद्वारा गाइएको "ल्यायम्ह जुया वल जिला थौं" गीतको म्युजिक भिडियो र गायक महर्जनसँगै संगीता शाक्यको स्वर रहेको "काल रे छं जिगु मन" शनिवार सार्वजनिक गरिएको छ।

वरिष्ठ सिनेकर्मी एवम् साहित्यकार प्रकाश साय्मिको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा नेपालभाषाका पहिलो म्युजिक भिडियो निर्देशक विजयरत्न असंबरे, संचारकर्मी एवम् सिनेकर्मी रामकृष्ण खड्गी एवम् सिद्धि गुरु गणेश भजन मण्डलका गुरु बद्री महर्जन विशेष अतिथिका रुपमा उपस्थित हुनुभएको थियो।

कार्यक्रममा मन्तव्य राख्नुहुँदै प्रमुख अतिथि सायमिले आजभन्दा एक सय २५ वर्ष अगाडि संसारमा चलचित्रको पहिलो प्रदर्शनी भएको स्मरण गर्नुभयो।

मन्तव्यका क्रममा विशेष अतिथि खड्गीले नेवार चलचित्र र संगीत क्षेत्रमा धेरै प्रतिभाशाली कलाकारहरु भएको बताउनु भयो।

यसैगरी विशेष अतिथि असंबरेले हाल आएर यो क्षेत्रमा लगानी गर्नेहरुको संख्या बढ्दै गएकोमा खुसी व्यक्त गर्नु हुँदै यसरी लगानी गरिएको लगानीको प्रतिफल पाउने वातावरण कसरी तयार गर्न सकिन्छ भन्ने प्रश्न गर्नुभयो।

भिडियोग्राफीमा प्रख्याती कमाएका बि के जल्मीको निर्देशन रहेको यस गीतमा गायक नबीन महर्जन नेवाः मचाका साथै रेणु महर्जनको प्रमुख भूमिका रहेको छ। यस गीतको रचना तथा संगीत हाल हंगकंगमा बस्दै आउनु भएका संगीतकार कृष्णभक्त महर्जनले गर्नुभएको छ। म्यूजिक भिडियोको छायांकन रबिन डंगोल मचा र सम्पादन गायक महर्जनकै रहेको छ।

'जि नेवाः क्रियशन'को आयोजनामा भएको गीत सार्वजनिक कार्यक्रम निर्देशक बि के जल्मीको सभापतित्वमा भएको थियो भने सिद्धि गणेश भजन मण्डलका श्यामकृष्ण महर्जनले स्वागत मन्तव्य राख्नुभएको थियो।

लेट्स डान्स सिजन ५ सम्पन्न

• **विजय सिंह**

काठमाडौं/अमर कला केन्द्रको आयोजनामा सम्पन्न बालबालिकाहरूको नृत्य कार्यक्रम लेट्स डान्स सिजन ५ शनिबार राष्ट्रिय नाचघरमा समापन भएको छ।

काठमाडौं उपत्यकाका करिव १५० भन्दा बढी विद्यालयका करिब ६७५ बिद्यार्थीहरूको अडिसन मध्ये जम्मा ३० जना बिद्यार्थीहरू फाईनल राउन्डमा पुगेका थिए।

प्रमुख अतिथिमा नेपाली चलचित्र जगतका लेजेण्ड नायिका गौरी मल्ल रहेकी थिइन्। प्रतियोगितामा ३० जना फाईनल प्रतिस्पर्धीलाई उछिन्दै काठमाडौं समृद्धि स्कुल कि छात्रा रियाना मानन्धर पहिलो हुन सफल भईन भने रिपुमर्दनि सैनिक महाविद्यालयकी शिवानी थापा मगर दोस्रो र सेन्ट मेरिज स्कुलकी अग्रिया सिंह तेस्रो हुन सफल भएकी छिन्।

प्रतियोगितामा प्रियान्सु न्यौपाने अडिसन राउन्डदेखि सेमिफाइनलसम्म ३ जना जजहरू राज श्रेष्ठ, विनिता तामाङ तथा शान्ति कथायतबाट ३७५ जना बिद्यार्थीबाट ३० जनामा पुऱ्याएका हुन् भने राष्ट्रिय नाचघरमा भएको फाईनलमा मुख्य निर्णायक मण्डलमा सुरेन्द्र राई र अनिता नेपाली रहेका थिए भने चौथो तथा औरोरा गुरुङ्ग पाँचौं स्थान प्राप्त गर्न सफल भएकी छिन्।

प्रतियोगितामा प्रथमदेखि तेश्रो हुनेलाई क्रमशः नगद ७५ हजार, ३० हजार र २० हजार तथा चौथो तथा पाँचौं हुने प्रतिस्पर्धीलाई १० हजार नगदका साथमा ट्रफी र प्रमाणपत्र प्रदान गरिएको थियो।

प्रेमध्वजको गीतमा बनेको म्युजिक भिडियो सार्वजनिक

• **मेरो संवाददाता**

ललितपुर/गोल्डेन भ्वाईस अफ नेपाल प्रेमध्वज प्रधानले गाउनु भएको "छन्त छु जुल" बोलको नेपालभाषाको गीतमा बनेको म्युजिक भिडियो सोमबार सार्वजनिक गरिएको छ।

गायक प्रेमध्वजको साथमा गायिका प्रतिमा राजभण्डारीको युगल गायन रहेको सो गीतका रचनाकार एवं संगीतकार निर्मलरत्न शाक्य हुनु हुन्छ। विश्वास बज्राचार्यले निर्देशन गर्नु भएको सो गीतमा लोकप्रिय अभिनेता कर्मा र शोभा महर्जनले अभिनय गर्नु भएको छ।

ख्यातिप्राप्त कलाकर्मि मदनकृष्ण श्रेष्ठ प्रमुख अतिथि रहनु भएको सो समारोहमा उहाँले पानसमा दिप प्रज्वलन गरी कार्यक्रम शुभारम्भ गर्नु भएको थियो। प्रमुख अतिथिको रुपमा आफ्नो मन्तव्य राख्ने क्रममा गीतसंगीतको जादू वर्णन गरेर सकिदैन भन्नु हुँदै आफुलाई यही गीतसंगीतले जीवनमा उर्जा प्रदान गरिरहेका कुरा सुनाउनु भयो।

विशेष अतिथीका रुपमा उपस्थित हुनु भएका सिनेकर्मि एवं साहित्य अन्वेषक प्रकाश सायमिले गीतमा प्रयुक्त प्रविधी को प्रसंशा गर्नु भयो। यस्तैगरी नेपालभाषा को प्रथम म्युजिक भिडियो निर्देशक विजयरत्न असंबरे ले उक्त भिडियो को निर्देशन र कलाकारिता पक्ष उत्कृष्ट रहेको कुरा उल्लेख गर्नु भयो।

सो समारोहमा संगीतकार मनराजा नकर्मि, गायिका प्रतिमा राजभण्डारी र निर्देशक विश्वास बज्राचार्य लगायत सभापतिको रुपमा गीतकार निर्मलरत्न शाक्यले उक्त गीतबारे आ-आफ्नो धारणा व्यक्त गर्नु भएको थियो।

सन्चारकर्मि एवं गायक सुरजबीर बज्राचार्यले सन्चालन गर्नु भएको सो कार्यक्रममा गीतसंगीत सम्बद्ध धेरै कलाकर्मिहरुको बाक्लो उपस्थिति रहेको थियो।

राम प्रजापति
प्रोप्राइटर
हारती मिठाई भण्डार
(शुद्ध शाकाहारी)
कालिमाटी चोक, टंकेश्वर मार्ग, काठमाडौं।
फोन नं. : ५३७२१९९, मो. ९८०३९८०६९९
यहाँ :- विवाह, व्रतबन्ध, पार्टी, पिकनिक तथा अन्य शुभकार्यको लागि अर्डर अनुसार मिठाईको व्यवस्था गरिन्छ।

नेवाः एफएम १०६.६ मेगाहर्जय्
हरेक बिहिवार
न्यनादिसँ, न्यंकादिसँ, ब्वति कयादिसँ
जि नं म्ये हालेसः
थीथी सिरपाः त्याका दिसँ ।
ब्वतिया निंतिं फोन ल्याः
०१४३३४२२२

नेवाः सः
नेवाः एफएम १०६.६ मेगाहर्ज
Newa FM 106.6 MHz
न्हिच्छि-चच्छि
२४ घन्टा प्रसारण
विश्व न्यंकं प्रत्यक्ष : newafm.com.np
शुभो पात्रो
नेपालभाषा एकेडेमिया निंतिं
अनक मिडिया प्रा. लि.
न्यामसिमा, किप-२, ललितपुर।
फोन ल्या : ४३३०२२१, ४३३४२२२
इ-मेल : ankmedia.newafm@gmail.com

२० औं राष्ट्रिय ज्यापु दिवसको केही तस्वीर

तस्वीर : नविन सिंह

ज्यापु संस्कृति विकास कोषको तर्फबाट प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई नागरिक अभिनन्दन पत्र प्रदान गर्नुहुँदै कोषका अध्यक्ष मंगलकृष्ण सिंह ।

ज्यापु रत्न सम्मान ग्रहण गर्नुहुँदै डा. पुरुषोतम नारायण सुवाल ।

ज्यापु प्रज्ञा सम्मान ग्रहण गर्नुहुँदै प्रा.डा. त्रिरत्न मानन्धर ।

ज्यापु बाल प्रतिभा पुरस्कार ग्रहण गर्नुहुँदै एन्जल महर्जन ।

ज्यापु युवा प्रतिभा पुरस्कार शिक्षा ग्रहण गर्नुहुँदै रिकेश महर्जन ।

ज्यापु युवा प्रतिभा पुरस्कार बाद्यवादन ग्रहण गर्नुहुँदै प्रविन महर्जन

ज्यापु युवा प्रतिभा पुरस्कार सञ्चार ग्रहण गर्नुहुँदै कृष्ण किसि ।

ज्यापु युवा प्रतिभा पुरस्कार खेलकूद ग्रहण गर्नुहुँदै खुशी डंगोल ।

ज्यापु युवा प्रतिभा पुरस्कार खेलकूद ग्रहण गर्नुहुँदै पिजः महर्जन ।

ज्यापु युवा प्रतिभा पुरस्कार खेलकूद ग्रहण गर्नुहुँदै राजिव महर्जन ।

ज्यापु युवा प्रतिभा पुरस्कार सौन्दर्यकला ग्रहण गर्नुहुँदै हसना डंगोल ।

चक्रमान डंगोल समाज सेवा पुरस्कार ग्रहण गर्नुहुँदै ई. सानुबाबु प्रजापति ।

बाद्यगुरु स्व. कृष्णभाई महर्जन स्मृति पुरस्कार ग्रहण पञ्चरत्न डंगोल ।

ज्यापु सरस्वति पदक ग्रहण गर्नुहुँदै मनिल राज महर्जन ।

ज्यापु उद्यमशिलता सम्मान ग्रहण गर्नुहुँदै मनिशा डंगोल श्रेष्ठ ।

ज्यापु महिला सशक्तिकरण सम्मान ग्रहण गर्नुहुँदै राम कुमारी महर्जन ।

ज्यापु प्रतिभा सम्मान ललितकला ग्रहण गर्नुहुँदै सरिता डंगोल ।

ज्यापु विशेष सम्मान ग्रहण गर्नुहुँदै दुर्गा प्रसाद श्रेष्ठ ।

ज्यापु विशेष सम्मान ग्रहण गर्नुहुँदै सुनिल जोशी ।

ज्यापु विशेष सम्मान ग्रहण गर्नुहुँदै लिल बहादुर प्रधान ।

ज्यापु विशेष सम्मान ग्रहण गर्नुहुँदै बालकृष्ण तुलाधर ।

ज्यापु विशेष सम्मान ग्रहण गर्नुहुँदै रोशन कुमार श्रीवास्तव ।

ज्यापु विशेष सम्मान ग्रहण गर्नुहुँदै विरकृष्ण महर्जन ।

ज्यापु विशेष सम्मान ग्रहण गर्नुहुँदै तारा महर्जन ।

ज्यापु विशेष सम्मान ग्रहण गर्नुहुँदै राजु शाक्य ।

ज्यापु विशेष सम्मान ग्रहण गर्नुहुँदै पुर्ण प्रजापति ।

ज्यापु विशेष सम्मान ग्रहण गर्नुहुँदै श्रीमिला सुवाल ।

ज्यापु विशेष सम्मान ग्रहण गर्नुहुँदै सुशान्त डंगोल ।

ज्यापु साँस्कृतिक धरोहर सम्मान ग्रहण गर्नुहुँदै चौधौं राष्ट्रिय ज्यापु दिवस समारोह समिति २०७४का संयोजक न्हुछेनारायण महर्जन, नायः, परम्परागत नबहाः ब्रम्हःत्वाः खलः, नबहाः, काठमाडौं ।

संयोजक कार्य सम्पादन प्रशंसा पत्र ग्रहण गर्नुहुँदै उन्नाईसौं राष्ट्रिय ज्यापु दिवस समारोह समिति-२०७९का संयोजक पञ्चनारायण महर्जन, त्वाःनायः, परम्परागत गोफः त्वाः खलः ।

ज्यापु दिवसमा मन्तव्य राख्नुहुँदै काठमाडौं महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोल ।

ज्यापु दिवसमा मन्तव्य राख्नुहुँदै बागमती प्रदेशका संस्कृति, पर्यटन तथा सहकारी मन्त्री पुकार महर्जन ।

ज्यापु दिवसमा मन्तव्य राख्नुहुँदै पूर्व उपप्रधानमन्त्री एवम् नेपाली काँग्रेसका नेता प्रकाशमान सिंह ।

ह्यूपा वइ : मन बल्लाके माः

✍ सुरजवीर बज्राचार्य

नेपाल पत्रकार महासंघया संस्थापक अध्यक्ष सत्यनारायण बहादुर श्रेष्ठ खः । तर पत्रकार महासंघं हे वयूकःयात म्हमस्यू संस्थापक अध्यक्षकथं । वयूकःया योगदानयात लोमंकाच्वन । अले लुमंकाच्वन कृष्णप्रसाद भट्टराईयात, संस्थापक अध्यक्ष धकाः ।

२००८ सालया जेठ महिनाय् नेपाल पत्रकार संघ न्हापांगु खुसी स्वन । पत्रकारतयूत संगठित यायेगु ज्या थुबले निसे न्ह्यात । अले थुगु ज्या न्ह्याकादीम्ह थुगु संगठनया न्हापांम्ह सभापति बाय् अध्यक्ष सत्यनारायणबहादुर श्रेष्ठ खः । थुगु ज्यासना पुचःया सेक्रेटरी भोजबहादुर सिंह न्यौपाने खः । थुगु संगठनया निक्वःगु सभा २००९ साल वैशाख २२ गते आर्यसमाज मन्दिर भोटाहिटीइ जूगु खःसा थुगु सभां नं सभापतिइ हाकनं नं सत्यनारायणबहादुर श्रेष्ठ ल्यःगु खःसा उपसभापति प्रेमराज शर्मा, सेक्रेटरी भोजबहादुर सिंह न्यौपाने, ज्वाइन्ट सेक्रेटरीइ रामहरि जोशी, कोषाध्यक्षय् रामराज व सदस्यय् नारायणप्रसाद उपाध्याय, देवेन्द्रराज शर्मा, भीमभक्त जोशी व प्रकाशचन्द्र टन्डन ल्यःगु खः । पत्रकारत छवाः यायेगु नापं श्रमजीवी पत्रकार व समाचारपत्रया अधिकार रक्षा यायेगु तातुना तयाः थुगु संगठन न्ह्याःगु खने दु । थुगु ज्यासना पुचलं २००९ सालय् सरकारयात मागपत्र नं ब्यूगु खः । अनंलिपा थुगु संगठनया सक्रियता भचा म्हो जुजुं वंगु खने दत । थुगु संगठनयात सक्रिय यायेगु निति २०१२ पुस १९ गते नेपाल समाचारया पिकाकः उदयराज शास्त्रीं पत्रकार मुना यायेगु कुतः नं यानादीगु खः । थ्व हे झ्वलय् २०१२ चैत १६ गते जूगु मुनां नेपाल पत्रकार संघया पुनःगठन जुल । थुगु न्हूगु ज्यासना पुचलय् नेपालपुकारया सम्पादक कृष्णप्रसाद उपाध्याय (भट्टराई) सभापति ल्यःगु खः । थुगु २०१२ सालया इतिहासयात नेपाल पत्रकार महासंघया आरम्भ तायेका ८ सालया संघ स्वंगुया इतिहासनापं ९ सालया न्हूगु ज्यासना पुचः, तातुना, ज्या सकतां हुइगु कुतः पत्रकार महासंघपाखें हे जुयाच्वंगु धइगु अतिकं दुःखद खँ खः ।

कृष्णप्रसाद भट्टराई नेपाली काँग्रेसया पूर्वसभापति व राजनैतिक नेता जूगु हुनिं बाय् थुकिया हे प्रभावं सत्यनारायण बहादुर श्रेष्ठया कर्म व योगदान हुइगु कुतः जूगु सकसिनं प्रष्ट स्यू । हक्काहक्की थजाःगु अन्याय पत्रकारिता ख्यलय् हे जुयाच्वंगु गुकथं सुम्क सहयानाः च्वने फइ । अवश्य नं फइमखु । उकिं हे नेवाः पत्रकार राष्ट्रिय दबू आन्दोलित जुयाच्वंगु खः । नेपाल पत्रकार महासंघया संस्थापक नायः श्रेष्ठया योगदान न्ह्यथंसें वयूकःया कर्मयात मान बियाः नेपाल पत्रकार महासंघया संस्थापक अध्यक्ष जुयादीगु सत्य तथ्ययात स्वीकार यायेमाः धकाः पत्रकार दबुलिं सः तयाः वयाच्वंगु खः ।

नेवाः पत्रकार राष्ट्रिय दबुलिं सः अझ तःसः यायेगु नितिं जक मखःसे सत्यनारायण बहादुर श्रेष्ठया म्हसीका न्यंके गु तातुनां नं जन्मजयन्ती हना ज्या न्ह्याकल ने.सं. ११४० निसें । थुगु जन्मजयन्ती हना ज्याझ्वलय् संस्थापक नायः श्रेष्ठया म्ह्याय् सुजिता मानन्धरं नेपाल पत्रकार महासंघया संस्थापक नायः धकाः कृष्णप्रसाद भट्टराईया नां वःबलय् सत्यनारायण बहादुर श्रेष्ठ "थ्वइगु ला नां वःगु !" धाःगु खँ लुमंकादिल । तर वयूकलं थ्व गलत जुल धकाः सः तयामदी । थःगु ज्याख्यः पाय्धुंकूगु व देय्या राजनीतिइ विकृत शक्तिया प्रभावया कारणं नं वयूकः सुम्क च्वनादिल, तर ई सुम्क मच्वं । संस्थापक नायः कृष्णप्रसाद भट्टराईया नामय् आमसंचार प्रतिष्ठान गठनया खँ जुइवं थुगु गलत तथ्यया विरुद्ध सः तइपिनिगु ल्याः नं अप्वल । उकी नेवाः पत्रकार राष्ट्रिय दबुलिं नेतृत्व कयाः आन्दोलनया रूपय् अभियान न्ह्याकूबलय् थुगु अन्याय यायेत न्ह्याःगु पलाः दिना ला वन तर न्याय बीगु नितिं सत्यनारायण बहादुर श्रेष्ठयात पत्रकार महासंघया संस्थापक नायःकथं मान बीगु, हनेगु ज्या धाःसा जुइमफुनि ।

२०७७ सालय् एभिएम स्कुलय् हे नेपाल सरकारया उबलेया संचार मन्त्री पार्वत गुरुङया मूपाहाँसुइ हनागु १०५ क्वःगु जन्मजयन्ती, नेपाल पत्रकार महासंघया सभाहलय् २०७८ सालय् हनागु १०६ क्वःगु जन्म जयन्ती थुगु अभियानया धिसिधाःगु कुतः खः । लक्ष्यपाखे बल्लाःक न्ह्याःगु पलाः खः । पलाः लक्ष्यय् मथ्यंतले निरन्तर जुइमाः ।

उगु मान्यतायात नुगलय् तयाः १०८ क्वःगु बुदिं हनाज्याझ्वःया इ्वलय् नेवाः पत्रकार राष्ट्रिय दबू केन्द्रीय समितिं जन्मजयन्ती हना सभा जक मखःसे सत्यनारायण बहादुर श्रेष्ठ स्मृति मिडिया फुटसल कासा नं यात । आन्दोलनया बारे सशक्त संचारया मेगु छगू बःलाःगु कुतःकथं न्ह्यथने फइगु ज्या जूगु दु थुगु कासा । ज्या थीथी जुइ, ज्याझ्वः थीथी जुइ तर लक्ष्य छगू हे खः । गुबले तक नेपाल पत्रकार महासंघया संस्थापक नायः सत्यनारायण बहादुर श्रेष्ठया उगु कर्मयात नेपाल पत्रकार महासंघं जक मखसे सरकारं नं स्वीकार यानाः मान बीमखु, उबले तक पत्रकार दबू न्ह्यलुवाः जुयाः थुगु आन्दोलनया नेतृत्व यानाच्वनी ।



नेपालभाषा सिकौं/नेपालभाषा सयेके - ११०

खँग्वः	नेपालभाषा अर्थ	नेपाली अर्थ
गाःमचा, सं.	संस्कार याय्मलावं सीम्ह मचा, उइ मदुम्ह, सीगालय थुने माःम्ह मचा ।	पास्नी संस्कार नसकिँदै मरेको बच्चा ।
गाः म्हुये, क्रि. (ल)	= गाः खने ।	
गाः वने, क्रि.	प्वाकः प्वाकः वने, दुहां वने ।	खाल्डिनु ।
गाः हिति, सं. (-धाः)	गाः वंगु थासय् च्वंगु ल्वहं हिति ।	ढुंगेधारा, धोबी धारा ।
गाः[२], वि.	गाःगुया भाव ।	मनग्गे ।
गाःकथं, क्रि.वि.	गाक्क, गाइगु कथं ।	पुग्ने गरी, मनग्गे हुने गरी ।
गाः मगाः थें, क्रि.वि.	सिसि ककः ।	मुस्किलले पुग्ने गरी ।
गाः मगाः च्वने, क्रि.	मगाःगु व मचाःगु खर्च हने ।	नपुग बेहोर्नु ।
गि, अ.	ध्वगीगु नया भाव ।	कुहीएको गन्धको भाव ।
गिन, सं.	लालि ध्वगीगुया नँ ।	दुर्गन्ध ।
नवये, क्रि. (ल)	ध्वगी नं दये ।	गन्हाउनु ।

हलिं नेवाः गुथि गतिविधि

वनस्पतीसम्बन्धी 'पलाः ख्वाँय्' सफू पिदन

• मेरो संवाददाता

किपू/हलिं नेवाः गुथि वनस्पति अनुसन्धान कचाया 'पलाः ख्वाँय्' सफू चिखिफ्यनेज्या थ्व हे ने.सं. ११४४ थिंलागाः तृतिया (पुस १४) शनिवाः तःजिक क्वचाल ।

कचाया नायः डा. धर्म डंगोलया नायःसुइ न्ह्याःगु ज्याझ्वलय् बागमती प्रदेशया संस्कृति, पर्यटन तथा सहकारी मन्त्री पुकार श्रेष्ठ मूपाहाँकथं झायादीगु खः ।

ज्याझ्वलय् हलिं नेवाः गुथिया नायः विनोद महर्जन, संरक्षक शान्त प्रकाश श्रेष्ठ, लोककवि राजभाइ जकःमि, रजनी मिला पाहाँकथं ब्वति कयादीगु खः । ज्याझ्वलय् नुगःखँ तयादिसें गुथिया नायः महर्जनं नेवाःतय्सं मचाबुसांनिसें सीबलय्तक न्ह्याकाच्वंगु संस्कृति, संस्कार व परम्पराय् थीथी वनस्पति छ्यलावयाच्वंगु व उज्वःगु वनस्पतिया वैज्ञानिक तथ्य सकसितं थुइकेबीत सफू पिथंगुलिं लसता प्वंकादिल ।

ज्याझ्वलय् नुगः खँ तयादीपिं पाहाँपिसं थुगु सफू तयार यायूत ग्वाहालि यानादीपिं सकल च्वमि व सम्पादनयात भिंतुना देछाःगु खः ।

हरेक मंगलवार नेपालभाषाको
रंगीन साप्ताहिक पत्रिका
लहना
व्यवसायिक पत्रकारिता, थौंया आवश्यकता LAHANA WEEKLY वाःपौ
खोजी खोजी पढौं ।

दोस्रो नेपाल सुपर लिगको लेखाजोखा

✍ प्रजित शाक्य

भारतमा इन्डियन प्रिमियर लिग (आइपीएल) एक खेल र व्यापारको रुपमा गजबले सफल भएपछि विश्वका लगभग हरेक ठूला क्रिकेट राष्ट्र यसप्रकारको टि-ट्वान्टी क्रिकेट प्रतियोगता आयोजना गर्न अगाडि सर्यो। अस्ट्रेलियामा बिग बैश, वेस्ट इन्डिजमा क्यारेबियन प्रिमियर लिग, दक्षिण अफ्रिकामा रामस्लाम टि-ट्वान्टी च्यालेन्ज, बङ्गलादेशमा बिपिएल, पाकिस्तानमा पिएसएल, श्रीलङ्का प्रिमियर लिग इत्यादी। नेपालमा पनि सोही अवधारणाले प्रभावित भएर टि-ट्वान्टी प्रतियोगिता धनगढी प्रिमियर लिग (डिपीएल), एभरेष्ट प्रिमियर लिग (इपिएल) र पोखरा प्रिमियर लिग हुने गर्दछ। नेपालमा क्रिकेटको अनुसरण गर्द पहिलो पटक फ्रेञ्चाई फुटबल नेपाल सुपर लिग (एनएसल)को आयोजना भएको हो। सन् २०२१ मा नेपालमा पहिलो पटक एनएसएल भयो। तर सो समय कोरोनाका कारण खाली रङ्गशालामा एनएसल खेलाइएको थियो। दर्शकविना पनि एनएसलको चर्चा व्यापक बनेको थियो।` पहिलो संस्करण सकिएपछि दोस्रो संस्करणको भव्यता र नेपाली फुटबलको स्तरियतालाई लिएर अहिले नै हल्लाखल्ली भइसकेको छ।

त्यसैले दुई वर्षपछि दोस्रो संस्करणको एनएसल हेर्न लायक फुटबल प्रतियोगिता बन्यो। एन्फा राजनीतिले नेपाल फुटबल अद्योगिततर्फ अग्रसर भइरहेको बेला एनएसएललाई नेपाली फुटबलको संजीवनी बुटीको रुपमा हेरिन थालियो।

डेढ महिना चलेको एनएसएल आफ्नो अपेक्षामा खरो उत्रन पनि सफल भएको छ। एनएसलको विशेषता थियो। फ्रेन्चाई (टिम मालिक)को मोडल, शहरको नाममा टिम र मार्की प्लेयर, खेलाडी लिलामीद्वारा टिम तयार पार्नु, टेलिभिजन प्रसारण अधिकारको विक्री, अनि सहभागी टोलीहरुले पनि थुप्रै प्रायोजकलाई संलग्न गराएर आफ्नो टिमको ब्रान्डिङ गर्नु।

दोस्रो संस्करणमा विराटनगर एफसीले सहभागिता जनाएन। तर पहिलो संस्करण खेलेको छ टिम काठमाडौँ रेजर्स, धनगढी एएफसी, एफसी चितवन, ललितपुर सिटी एफसी, पोखरा थन्डर्स र बुटवल लुम्बिनीसहित नयाँ तीन टिम झापा फुटबल क्लब, स्पोर्टिङ इलाम मेची र वीरगञ्ज युनाइटेड फुटबलको टी थपिएका छन्।

सहभागी नौ टिम बिच तीव्र प्रतिस्पर्धा र स्तरीय खेलहरुका कारण एनएसलले नेपाल फुटबलमा छुट्टै पहिचान बनायो। फुटबलरहरु पनि एनएसलको प्रंशसा गरेर थाकेका छैनन्। एनएसलमा खेल्न खेलाडीहरुले तुलनात्मकरुपमा राम्रो मूल्य पाए। यसबाहेक प्रत्येक खेलमा म्यान अफ दि म्याचलाई तीस हजार, सर्वश्रेष्ठ खेलाडीलाई दुई लाख, सर्वश्रेष्ठ गोलरक्षक र सर्वाधिक गोलकर्तालाई एक-एक लख रुपियाँ प्रदान गरिएको थियो। प्रतियोगिताका लागि खेलाडीहरु फाइभ स्टार होटलको सुविधामा रहे। फुटबलरहरुले कर्पोरेट कल्चरको अनुभव गरे। त्यसैले पनि खेलाडीहरुले विगतमा भन्दा मिहिनेत गरेर खेलेको देखियो। त्यसले प्राय सबै खेल स्तरीय र रोमाञ्चक बने।

एनएसलको सफलताले अब भलिबल, बास्केटबल, ब्याड्मिन्टन, टेबलटेनिसजस्ता अन्य खेलमा पनि फ्रेञ्चाई लिग हुने सम्भावना देखाएको छ। छिमेकी देश भारतमा यी सबै खेलको फ्रेञ्चाइ लिग हुने गर्दछ। जसले त्यहाँ क्रिकेट मात्र होइन अहिले सबै खेलका खेलाडीलाई पूर्णरुपमा व्यवसायिक बनाउन सहयोग पुऱ्याएको छ। अब नेपालमा पनि अन्य खेलका खेलाडी पनि यस्तै दिन आउला भन्ने अपेक्षामा छन्। जेहोस एनएसलले नेपालमा फुटबल पूर्णरुपमा व्यवसायिकीकरण हुन सक्दैन भन्ने सोचाई गलत बनाएको छ, भन्दा फरक पर्दैन।

ललितपुर सिटी च्याम्पियन

ललितपुर सिटी एफसीले अन्तिम खेलमा धनगढी एफसीलाई ३-२ ले हराएर दोस्रो नेपाल सुपर लिग (एनएसल) च्याम्पियन हुने गौरव हासिल गर्यो। नाइजेरियाली स्ट्राइकर इमोह इजिकिएल्लले दुई गोल गरेर ललितपुरलाई ट्रफी दिलाउनुभयो। इजिकिएल्ल छ गोलसहित प्रतियोगिताका सर्वाधिक गोलकर्ता पनि बन्नुभयो।

धनगढी लगातार दोस्रो पटक फाइनलमा पराजित भयो। पछिल्लो संस्करणमा काठमाडौँ रेजर्सले धनगढीलाई उपाधि भिडन्तमा निराश बनाएको थियो। ललितपुर भने चौथो स्थानमा रहेर प्लेअफमा पुगेको थियो। ललितपुरले लगातार तीन नकआउट खेल जितेर च्याम्पियन भयो। इलिमिनेटरमा गत विजेता काठमाडौँलाई विदा गरेपछि ललितपुरले दोस्रो क्वालिफायरमा पोखरा थन्डर्सलाई निराश बनाउँदै फाइनलमा स्थान बनाएको थियो।

नकआउट चरणमा ललितपुरको शानदार प्रदर्शन हुनुमा इजिकिएलको शानदार लयले महत्वपूर्ण भूमिका खेल्यो। घानाको राष्ट्रिय टिमका सदस्य रहिसकेका इजिकिएल्लले बेल्जियम, स्पेन, टर्की र कतारमा व्यवसायिक फुटबल खेलिसक्नुभएको छ। यद्यपि प्लेअफमा उहाँबाट नामअनुसारको प्रदर्शन भएको थिएन। तर प्लेअफमा इजिकिएल्लले आफूलाई साबित गर्नुभयो। पोखराविरुद्ध एक र काठमाडौँविरुद्ध दुई गोल गरेपछि फाइनलमा पनि इजिकिएल दुई गोल गरेर निर्णायककर्ता बन्नुभयो, इजिकिएल्लले छ गोलसहित प्रतियोगिताकै सर्वाधिक गोलकर्ता बनेर गोल्डेन बुट पनि प्राप्त गर्नुभयो।

एनएसल जस्तो प्रतियोगिताको च्याम्पियन बन्न ठूलो गृहकार्य गर्नुपर्छ। टिम संरचनामा पर्याप्त ध्यान पुऱ्याउनुपर्छ। सन्तुलित टिम बनाउनुपर्छ। बेञ्च पनि उत्तिकै बलियो बनाउनुपर्छ। यसबाहेक मैदानभित्रको प्रदर्शन त चाहियो नै। ललितपुरको टिम म्यानेजमेन्टले यी सबै कुराको तारताम्य मिलाएको देखियो। हरेक खेलपछि खेलाडी प्रशिक्षकले टिम म्यानेजमेन्टलाई दिएको जसबाट पनि यो प्रमाणित हुन्छ।

विदेशी खेलाडीको प्रभाव

प्रतियोगितापूर्व नै प्रशिक्षकहरुले उपाधि जित्न टिमलाई विदेशी खेलाडीको प्रदर्शन निर्णायक हुने धारणा राखेका थिए। जुन सही साबित पनि भयो। यस पटक सहभागी टोलीले ६ विदेशी खेलाडी राख्न पाउने प्रावधान छ। पाँच जना विदेशी खेलाडी एकै पटक मैदानमा खेल्न पाउने नियम बनाइयो। धेरै नेपाली खेलाडी विदेश पलायन भएकोले पनि यस्तो निर्णय लिइएको थियो। सबै टिमले पाँचै खेलाडीलाई एकै पटक मैदानमा छिराएर सो नियमको भरपुर फाइदा पनि उठाए। एक टिममा आधा जस्तो विदेशी खेलाडी हुँदा खेलको स्वाद पनि बेग्लै बन्यो र उत्तिकै प्रतिस्पर्धात्मक पनि भयो।

दुई टिमको गरी २२ खेलाडी मैदानमा उत्रँदा लगभग आधा जति (१०) खेलाडी विदेशी हुँदा खेलको प्रतिस्पर्धा पनि बढ्ने नै भयो।

विदेशी खेलाडीमा सन् २०१४ मा ब्राजिलमा भएको फिफा विश्वकप खेलेका घानाका खेलाडी अफ्रिए एक्वाह पनि हुनहुन्थ्यो। पोर्चुगल विरुद्ध २-१ ले पराजित भएको खेलमा उनले वैकल्पिक खेलाडीको रुपमा विश्वकपमा डेब्यु गरेका थिए। इजिकिएलको व्यवसायिक फुटबल जीवनको माथि नै चर्चा भइसकेको छ। काठमाडौँका लागि क्यामरुनका जुनियर एन किनगुए, ललितपुरका लागि फ्रान्सेली लिग खेलिसकेका गोलरक्षक जेफ्री बौलटन पापा इबोउ केबे, नाइजेरियाली ओमालोजा करिमले शानदार प्रदर्शन गर्नुभयो। उपविजेा धनगडीका लेवनानी गोलरक्षक मोहम्मद ताहा र स्ट्राइकर अहमद हिजाजी पनि चम्किनुभयो। घानाका रफिक अमिन र टोरिक जेब्रिनले पनि छाप छोड् नुभयो। झापाका सर्वियाली गोलरक्षक स्टेफन क्युपिक र वीरगञ्का विलियम ओपोकु पनि सबैको नजरमा रहे।

विवादमा रेफ्री

प्रतियोगितामा विवादित एक मात्र पक्ष रेफ्री थिए। सबैजसो टिमका प्रशिक्षक प्राय खेलपछि रेफ्रीप्रति आक्रोसित बनेको देखियो। अधिकांश खेलपछि रेफ्रीका निर्णयप्रति प्रश्न तेर्सिएका थिए। यपटक एनएसएलमा रेफ्रीका केही विवादास्पद निर्णयले जित हारकै फरक पारेको पनि थियो।

एनएसलका उत्कृष्ट

विधा	पुरस्कृत खेलाडी/टिम	पुरस्कार रकम
विजेता	ललितपुर सिटी एफसी	७० लाख
उपविजेता	धनगढी एफसी	२० लाख
गोल्डेन ग्लोभ्स	जेफ्री विली (ललितपुर एफसी)	एक लाख
गोल्डेन बुट	इमोह इजिकिएल (ललितपुर सिटी एफसी)	एक लाख
गोल्डेन बल	अनन्त तामाङ (ललितपुर सिटी एफसी)	दुई लाख
इमर्जिङ प्लेयर	रोहन कार्की (धनगढी एफसी)	एक लाख
फेयर प्ले अवार्ड	वीरगञ्ज युनाइटेड एफसी	
म्यान अफ दि फाइनल	आदित्य शाक्य (ललितपुर सिटी)	३० हजार

मेरो साहित्य

गजल

✍ प्रशान्त डंगोल

ह्वय् मफुगु म्हगस गुलि दु गुलि
स्वय् मफुगु सर्गत गुलि दु गुलि

च्वसु फ्वया हिंमिंचासे थौं जि
च्वय् मफुगु चिनाखँ गुलि दु गुलि

कुमाःया घःचा हिला च्वंगु स्वया
घ्वाय् मफुगु जीवन गुलि दु गुलि

मंसिर पुसया खसु भांग्राया दुने
क्वाय् मफुगु ल्हाःतुति गुलि दु गुलि

थन अजुगति ला गुलि दु गुलि
ख्वय् मफुगु मन गुलि दु गुलि

३० जना सामुदायिक उद्धारकर्ता स्वयमसेवक तयार गर्दै वडा २३

• **मेरो संवाददाता**

काठमाडौं/काठमाडौँ महानगरपालिकाकोवडानं२३लेवडामा ३० जना सामुदायिक उद्धारकर्ता स्वयमसेवक तयार गर्ने भएको छ।

वडाध्यक्ष एवं विधायन समितिका संयोजक मचाराजा महर्जनले विपद जोखिम क्षति न्यूनीकरण सम्बन्धी २ दिने तालिममा योजनाका बारेमा जानकारी दिनुभएको हो। वडाले आयोजना गरेको तालिममा जनप्रतिनिधि, कर्मचारी, स्वास्थ्य स्वयमसेविका, महिला सञ्जाल, वडा टोल विकास संस्था र स्वयमसेवकहरुलाई सहभागी गराइएको थियो।

'हामीले भर्खैछे र ओमवहाल गरी २ वटा टोल विकास संस्था गठन गरेका छौं। एउटा संस्थाबाट १५ जनालाई सहभागी गराएर ३० जना उद्धार स्वयम्सेवक बनाउँछौं। आपत परेका बेला खोज, उद्धार, सहजीकरण र समन्वयनका लागि स्वयमसेवकले काम गर्नेछन्।' महर्जनले भन्नुभयो, 'वडाभित्र करिब ७५५ घर घुरी छन्। यीमध्ये अधिकांश घर पुराना छन्। साँघुरा सडक, साँघुरा गल्ली वडाको अवस्थिति हो। सामान्य समयमा व्यवस्थापन राम्रो छ। विपदका समयमा यस्तो अवस्थितिमा काम गर्न चुनौतीपूर्ण हुन सक्छ। यसकारण अवस्थितिअनुसारको क्षति व्यवस्थापन पूर्वतयारीमा लागेका छौं।'

वडा सचिव प्रमोद अधिकारीले विपदको जोखिम व्यवस्थापन गर्न जनप्रतिनिधि, कर्मचारीको भूमिका जति महत्वपूर्ण छ त्यत्तिकै महत्वपूर्ण भूमिका समुदायका व्यक्तिहरुको हुने र जोखिममा पहिलो पटक समुदायकै मानिस पुग्ने भएका कारण वडाबासीलाई जनप्रतिनिधि र कर्मचार ीसँगै राखेर तालिम दिइएको जानकारी दिनुभयो। काठमाडौंका मुख्य ५ वटा विपदमा पहिलो भूकम्प हो। यसपछि क्रमशः बाढी, आगलागी, सडक दुर्घटना र महामारी हुन्। यी विपत्तिका हरेक वडाका फरक जोखिम छन्।

तालिममा कार्यपत्र प्रस्तुत गर्दै महानगरपालिकाका निर्देशक नमराज ढकालले विपदमा सरकारी खर्च गर्दा धेरै पक्षमा विचार पुऱ्याउनु पर्ने र तोकिएको विधि र प्रक्रिया अनुसरण गरेर मात्र सरकारको कोषमा जम्मा भएको पैसा खर्च गर्न सकिने बताउनु भयो। कार्यक्रममा प्रस्तुतिकरण गर्दै दक्षिण एशियाली चट्टाङ सञ्जालका अध्यक्ष, प्राध्यापक डा. श्रीराम शर्माले, नेपालमा तत्काल विद्युत मापदण्ड आवश्यक रहेको उल्लेख गर्नुभयो।

उहाँले उद्योग तथा व्यापारिक महलमा ३ वर्षमा तथा घरमा ५ देखि ८ वर्षभित्रमा इलेक्ट्रिक अडिट हुन आवश्यक रहेको बताउनु भयो।

प्रशिक्षणका क्रममा प्रशिक्षक गोपीकृष्ण बस्याल, नेपाल रेडक्रस सोसाइटीका उपकोषाध्यक्ष नवराज भण्डारी, अग्निनियन्त्रक नरेश कुँवर लगायतले जोखिम न्यूनिकरणका विषयमा जानकारी दिनुभएको थियो।

कार्यक्रमको समापन अवसरमा प्रयागराज सिंह सुवाल फुटसल प्रतियोगितामा भाग लिएका खेलाडी र खेल आयोजना गर्न सहयोग गर्ने व्यवस्थापकहरुलाई आभार पत्र प्रदान गरिएको थियो।

'हावा प्रोजेक्ट २.०'का उपकरण हस्तान्तरण

• **मेरो संवाददाता**

काठमाडौं/मुनाफारहित सामाजिक शैक्षिक संस्थाका रुपमा सञ्चालित नेपाल इन्जिनियरिङ कलेज (नेक)मा जापानको प्रतिष्ठित संस्थाले वैकल्पिक उर्जाको रुपमा हावाबाट विद्युत उत्पादन गर्ने सम्भाव्यता अध्ययन गर्न प्रोजेक्ट अगाडि बढाइएको छ। जापानको जापान इनर्जी सेफ्टी एशोसिएसन (जेइएसए)ले नेकसँगको सहकार्यमा 'हावा प्रोजेक्ट २.०' ल्याउँदै त्यसका लागि आवश्यक उपकरण नेकलाई हस्तान्तरण गरेको छ।

आइतबार कलेजमा आयोजित एक कार्यक्रममा जेइएसएका इन्जिनियरिङ सल्लाहकार एत्सुओ किरिहरा र जापानका लागि नेपाल प्रतिनिधि निर्देशक नरेश महर्जनले कलेजका कार्यवाहक प्राचार्य दुर्गा प्रसाद भण्डारीलाई आवश्यक सामग्रीहरू हस्तान्तरण गरेका छन्। 'हावा प्रोजेक्ट २.०' अन्तरगत चाँगुनारायण नगरपालिका क्षेत्रभित्र जेइएसएले नेकका विद्यार्थीहरू सँगको सहकार्यमा हावाबाट विद्युत उत्पादन गर्न सकिने विषयमा सम्भाव्यता अध्ययन गर्नेछ। 'यसअघि पनि नेकसँग सहकार्य गरेर 'हावा प्रोजेक्ट' चलाएका थियो। त्यसलाई पुनः नियमितता दिनका लागि 'हावा प्रोजेक्ट २.०' ल्याइएको हो। यसले नेपालमा हावाबाट कसरी विद्युत निकाल्छ सकिन्छ, संभाब्यता अध्ययन र अनुसन्धान गर्नेछ।' नरेश महर्जनले बताए।

अपाङ्गताको आधारमा भेदभाव नगरौं

अपाङ्गताको आधारमा कसैलाई पनि

- *अपमान गर्ने,*
- *होच्याउने,*
- *दुर्व्यवहार गर्ने र*
- *सेवा सुविधाबाट अलग्याउने,*

जस्ता कार्य कानूनी तथा सामाजिक अपराध हुन्, त्यस्ता कार्य नगरौं, नगराऔं।

- *अपाङ्गताको आधारमा गरिने विभेद विरुद्ध खुलेर बोलौं।*
- *अपाङ्गता भएका व्यक्तिको मानवअधिकार सुनिश्चित गरौं।*

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रो. अरुण महर्जन
अरुण दुध डेरी उद्योग
ग्वंग:बुँ, कुलान्तचोक, काठमाडौं । फोन : ०१-४३६०१३३, मो. ९८५१०५८१४२/९८०३९७४८९१



यहाँ दुध, दही, मही, घ्यू, पनिर, बटर, आइसक्रिम, केक आदि पाउनुका साथै
शुभ कार्यको लागि अर्डर बमोजिम सामान उपलब्ध गराईन्छ ।



कुनै पनि शुभ कार्य जस्तै :
शुभ विवाह,
व्रतवन्ध, पास्नी,
साथै सभा समारोहको लागि
फूल क्याटरिङसहित हल चाहिएमा
सम्पर्क गर्नुहोस् ।

त्रिरत्न मानन्धर
९८४१३१५५३०

सानुकाजी महर्जन
९८४१५६०६१०

स्वयम्भू ब्याङ्क्वेट
भुइखेल, स्वयम्भु, काठमाडौं । सम्पर्क : ०१४२८१५३८